का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ साउन २०८१,
बिहीबार
1 August, 2024
Thursday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १७० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कारागारमा कैदीबन्दीको बिजोग
## एउटै खाटमा सुत्छन् तीन जना

कैदीबन्दीको मानव अधिकार प्रत्याभूत गारिनुपर्ने संवैधानिक व्यवस्था र अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिबद्धता छ । तर यसअनुसार नेपालको कारागारहरुको व्यवस्थापन हुन नसकेको पाइएको हो ।






कैदीबन्दीको आधारभूत आवश्यकता पूर्ति र उनीहरुको मानवअधिकारका लागि सरकार गम्भीर बन्छ र बन्नुपर्छ । म यो प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

**रमेश लेखक**
गृहमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ साउन ।

कारागारमा कैदीबन्दीको मानव अधिकार प्रत्याभूत गरिनुपर्ने संवैधानिक व्यवस्था र नेपालले अन्तराष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता छ । तर, यस अनुसार नेपालको कारागारको व्यवस्थापन हुन सकेको छैन । कारागार व्यवस्था विभागका महानिर्देशक जयनारायण आचार्यका अनुसार नेपालमा कारागारको क्षमता १६ हजार छ । तर, हाल साढे २८ हजारभन्दा बढी कैदीबन्दी बस्ने गरेका छन् । १६ हजारको क्षमता रहेकै कारागारमा २८ हजारभन्दा बढी कैदीबन्दीलाई व्यवस्था गरिँदै आएको छ ।

बुधबार प्रतिनिधि सभाको राज्य व्यवस्था समितिको बैठकमा महानिर्देशक आचार्यले कारागारको क्षमता १६ हजार भए पनि अहिले २८ हजार ६ सय १३ कैदीबन्दीलाई कारागारमा राखिएको जानकारी दिए । उनका अनुसार केन्द्रीय कारागारकै क्षमता १६ सयको हो तर, ३८ सय कैदीबन्दी राखिएको छ । क्षमताभन्दा बढी कैदीबन्दी राख्दा उनीहरुको पृष्ठ २ मा

# शेयर बजारमा नयाँ रेकर्ड
## २२ अर्बको कारोबार

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १६ साउन ।

तीन वर्ष अघिको रेकर्ड शेयर बजारले बुधबार ब्रेक गरेको छ । नेपाली काँग्रेस र नेकपा एमालेको नयाँ गठबन्धन चर्चासँगै शेयर बजारले निरन्तर बढ्दै गएको थियो । यस्तै शुक्रबार नेपाल राष्ट्र बैंकले ल्याएको लचिलो मौद्रिक नीति र संस्थागत शेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम २० करोडको सीमा हटाएसँगै शेयर बजारले नयाँ रेकर्ड बनाएको हो ।

यस अघि २०७८ साल साउन ३१ गते २१ अर्ब ६४ करोड ७६ लाख रुपैयाँको कारोबार भएको रेकर्ड ब्रेक भएको थियो । त्यसको तीन वर्षपछि बुधबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उल्लेख्य वृद्धिसँगै उच्च रकमको कारोबार भएको हो । बुधबार नेप्से परिसूचक ६४ दशमलव २५ अंकले बढेर दुई हजार सात सय ६० दशमलव ९१ अंक कायम भएको छ । नेप्से परिसूचकको वृद्धिसँगै शेयरबजारमा २१ अर्ब ९१ करोड १५ लाख भन्दा बढीको कारोबार भएको छ । बुधबार तीन सय ३२ कम्पनीको पाँच करोड नौ लाख कित्ता शेयर दुई लाख ३८ हजार दुई सय ७२ पटक खरिदबिक्री भयो । कारोबारमा आएका कम्पनीमध्ये १९१ वटा कम्पनीको शेयर मूल्य बढ्यो भने आठ वटा कम्पनीको मूल्यमा १० प्रतिशतको वृद्धिसहित सकारात्मक सर्किट लागेको हो । सेन्सेटिभ इन्डेक्स र फ्लोट इन्डेक्स पनि दुई प्रतिशतभन्दा धेरैले बढ्यो ।



शेयर बजारमा ठूला लगानीकर्ताको प्रवेश भएको छ । तीन वर्षदेखि बजार तल नै थियो । त्यसैपनि बजार माथि जाने लागेको समय हो । यसमा मौद्रिक नीति, नयाँ गठबन्धनको सरकार, अर्थमन्त्री सबै कुराले गर्दा लगानीकर्तामा उत्साह आएको हो । अहिले लगानी गरेर नाफा हुने क्षेत्र कुनै नभएको कारणले शेयरमा लगानी आएको हो ।

**केशव कोइराला**
शेयर विश्लेषक

शेयर विश्लेषक केशव कोइराला भन्छन् 'यस भन्दा अघि शेयर बजार ट्रेडर्सले चलाइरहेका थिए, ट्रेडर्सले किने भने बजार बढ्ने र ट्रेडर्सले बेच्यो बजार करेक्सनमा जान्थ्यो, अहिले ठुला लगानीकर्ताहरुको बजारमा प्रवेश गरेकाले रेकर्ड ब्रेक भएको हो', उनी भन्छन्, 'त्यसैपनि बजार माथि जाने लागेको समय थियो, तीन वर्षदेखि बजार तल नै थियो, यसमा मौद्रिक नीति, अहिलेको सरकार सबै कुराले गर्दा लगानीकर्तामा उत्साह आएको हो ।' बजार अहिले नाफा हुने लगानी क्षेत्र अहिले कुनै नभएको कारणले शेयरमा आकर्षण बढेको हो । ठूला लगानीकर्ताले अहिले शेयरमै बजारमै संम्भावना देखेको कारणले ठूला लगानीकर्ताको प्रवेश बढेको शेयर बिश्लेषक कोइरालाले बताए । उच्च कारोबारमा जसरी ठूला लगानीकर्ताको प्रवेश भएको छ उनीहरुले नाफा बुक नगर्दासम्म बजारमा करेक्सन आउने देखिँदैन । लामो समयदेखि निराश बनेका शेयर लगानीकर्ता पछिल्लो नीति र बजारमा देखिएको उत्साहसँगै अब पुँजीबजारले बुलिसको दिशा ग्रहण गरेको अनुमान गरेका छन् ।

# राजनीतिक प्रतिशोधले विवादमा सीआईबी

सरकार बदलिएपछि प्रतिशोध साँध्ने प्रवृत्तिले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबी विवादमा तानिएको सरोकारवालाहरु बताउँछन् । यस्तो कार्यको सत्तारुढ दलहरुभित्रैबाट विरोध भएको छ ।



हिजो एउटा टिम थियो । सरकार फेरियो र अर्को टिम आएर छानबिन गऱ्यो । त्यो टिममाथि छानबिन आज भइरहेको छ । भोलि आउनेले आजको टिममाथि छानबिन गर्छ भने प्रहरीको विश्वसनीयता कहाँ रहन्छ ?

**रघुजी पन्त**, सांसद, एमाले



सीआईबी प्रमुखमाथि छानबिन गर्न टेकबहादुर राईको नेतृत्वमा ५ सदस्यीय छानबिन समिति बन्यो रे, सरकार बदलिएपछि छानबिन गर्दै जाने र यसलाई विवादमा पार्दै लाने हो भने मुलुक कता जान्छ ?

**हृदयराम थानी**, सांसद, कांग्रेस

**शिव विक/मध्यान्ह**
काठमाडौं, १६ साउन ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबी प्रमुख श्याम ज्ञवाली छानबिनमा तानिएका छन् । गृहमन्त्रालयका अधिकारीहरूका अनुसार ज्ञवालीमाथिको छानबिन अर्का एआईजी टेकप्रसाद राईको नेतृत्वमा गठित पाँच सदस्यीय समितिले गरिरहेको छ ।

ज्ञवालीमाथि प्रहरी संगठनकै बद्नाम हुने गरी अनुसन्धान प्रभावित गरेको, पद र शक्तिको दुरुपयोग आरोप लागेको छ । यो बाहेक पनि अनुसन्धान जारी रहेका विभिन्न फाइलसँग सम्बन्धितहरूसँग हिमचिम बढाएको आरोप पनि लागेको छ ।

सुन तस्करीको अनुसन्धानमा पदीय मर्यादा दुरुपयोग गरेको आरोपमा पूर्व गृहमन्त्री रवि लामिछानेले सीआईबीकी प्रमुख एआईजी किरण बज्राचार्यलाई हटाएर ज्ञवालीलाई ल्याएका थिए ।

लामिछाने गृहमन्त्री रहेको पुष्पकमल दाहाल नेतृत्वको सरकार ढलेर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनेको छ । नयाँ सरकार बनेसँगै ज्ञवालीमाथि छानबिन शुरु भएको हो ।

प्रहरी भित्रैबाट ज्ञवालीमाथि अनुसन्धानमा रहेका व्यापारिक घरानाका व्यक्तिसँग हिमचिम बढाएको आरोप लागेको गृह मन्त्रालयका अधिकारीहरु दाबी गर्छन ।

बालमन्दिरको सरकारी जग्गा व्यक्तिको नाममा हत्याउनेहरूसँग, सेन्चुरी बैंकको कर्जा हिनामिना गर्नेहरूसँग, केही अन्य ठूला भनिएका मुद्दामा मुछिएर पक्राउ पुर्जी जारी भएकासँग उठबस गरेको आरोप लागेपछि आन्तरिक पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# इजरायलको केयरगिभरमा महिलाभन्दा पुरुषको आकर्षण बढी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन

इजरायलका वृद्धवृद्धा, अपांगलाई स्याहार गर्ने दीर्घकालीन स्याहार केन्द्रहरुमा रोजगारीमा महिलाको भन्दा पुरुष कामदारको आकर्षण बढी देखिएको छ । इजरायलले दुई हजार नेपाली कामदार लैजान सहमति जनाएअनुसार खुलाइएको आवेदनमा महिलाको भन्दा पुरुष कामदारको आवेदन बढी परेको हो ।

वैदेशिक रोजगार विभागका अनुसार संकलन भएका ४ हजार २४ मध्ये पुरुष आवेदकको संख्या २ हजार १ सय १९ र महिला आवेदकको संख्या १ हजार ८ सय १५ रहेको छ । यसअघि भएको एक हजार पाँच सय नेपाली लैजाने सहमतिअनुसार आवेदन माग भएको अवस्थामा इजरायलले दुई हजारसम्म लैजाने सहमति जनाएको हो ।

यसअघि इजरायलबाट आठ सय नेपाली कामदारको माग आएको थियो । त्यसमा ५ सय जना मुख्य उम्मेदवार र ३ सय जना वैकल्पिक उम्मेदवार छनोट हुने व्यवस्था थियो। अब सो संख्यामा त्यति नै बढाएर एक हजार मुख्य उम्मेदवार र एक हजार वैकल्पिक गरी दुई हजार नेपाली लैजाने सहमति भएको हो ।

आवेदन दिने पुरुष बढी भएपनि छनोट हुने संख्या भने महिलाको बढी हुनेछ । इजरायलले लैजानेमध्ये ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष हुनेछन् । आवेदन नै कम परेका कारण निवेदन दिनेमध्ये अधिकांश छनोट हुने अवस्था बनेको बताइएको छ । आवेदनमाथि छानबिन र कागजात रुजु गर्ने क्रम नसकिएको भन्दै विभागले आवेदकहरुको अन्तिम सूची प्रकाशन गर्दा आवेदकहरुको संख्या अझै केही घट्न सक्ने बताएको छ ।

इजरायलमा नेपाली केयर गिभरको तलब २ लाख १० हजार छ भने शुरुमा करार अवधि १ वर्षको भए पनि करार अवधि थप गर्दै ५ वर्षसम्म बस्न पाइने भएकाले खाडी तथा मलेसिया जाने भन्दा इजरायल जाने युवाहरुमा आकर्षण देखिएको बताइएको छ ।

इजरायलले केयर गिभर मात्रै नभइ भविष्यमा कृषि कामदार लैजाने पृष्ठ २ मा

## पोर्चुगलस्थित महावाणिज्यदूतावासको सेवा बन्द

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १६ साउन

पोर्चुगलको राजधानी लिस्बनमा रहेको अवैतनिक महावाणिज्यदूतावासको सेवा बन्द भएको छ । महावाणिज्यदूतावासले मंगलबार एक सूचना जारी गर्दै कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवा बन्द भएको जनाएको हो । फ्रान्सको पेरिसमा रहेको नेपाली दूतावासबाट कामकारबाही र सेवा बन्द गर्न निर्देशन आएको जनाउँदै मंगलवारबाटै कार्यालयको सम्पूर्ण सेवा बन्द गरिएको महावाणिज्यदूतावासले जनाएको छ ।

दूतावासले पोर्चुगलका लागि नेपाली राजदूत नियुक्त भइसकेको भन्दै कामकारबाही बन्द गर्न निर्देशन दिएबमोमिज सेवा बन्द गरिएको महावाणिज्यदूतावासले जनाएको छ । दूतावासको निर्देशनमा कार्यालयको सम्पूर्ण सेवा बन्द भएको जनाउँदै महावाणिज्यदूतावासले सेवाग्राहीमा पर्न गएको असुविधाप्रति क्षमायाचना समेत गरेको छ ।

दूतावासले मौखिक रुपमा ठाडो आदेश दिएर कार्यालयको दैनिक कामकारबाही र सेवा बन्द गर्न भनेपछि दूतावासको निर्देशनबमोजिम नै सेवा बन्द गरिएको पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकर बहादुर हमालले जानकारी दिए ।

नेपाल सरकारको प्रतिनिधिका रुपमा रहेर दश वर्षसम्म आफूले गरेको सेवा र योगदानको दूतावासले अवमूल्यन गरेको हमालले गुनासो गरे । दूतावासको यस्तो खालको आदेश पृष्ठ २ मा

# देशभर डेंगु

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ साउन ।

वर्षा नसकिँदै देशभर डेंगु फैलिएको छ । बाढी, पहिरो र अन्य प्राकृतिक विपत्तिले घरबारबीहिन भएका र सुरक्षित आवासमा रहन नसकेकाहरु डेंगुबाट प्रभावित हुन सक्ने खतरा बढेको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका अनुसार देशभर दुई हजार जनाभन्दा बढीमा डेंगु रोगको संक्रमण देखा परेको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालका अनुसार ७३ जिल्लाका दुई हजार ६१ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

मन्त्रालयका अनुसार यसवर्ष सरदरभन्दा बढी वर्षा हुने पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

१७ साउन २०८१, बिहीबार
1 August 2024, Thursday

# हुम्लामा 'सेड्युल' अनुसार हवाई उडान नहुँदा यात्रुलाई सास्ती

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १६ साउन

हुम्लामा हप्ताको तीन दिन हवाई उडान गर्ने 'सेड्युल' भएपनि सो अनुसार उडान हुन सकेको छैन । जसका कारण यात्रुलाई सास्ती मात्र नभइ आर्थिक भार पनि बढ्न थालेको छ । सरकारी स्वामित्वको नेपाल एयरलाइन्सले हुम्लामा हप्ताको तीन दिन नेपालगञ्जदेखि उडान गर्ने 'सेड्युल' राखेको थियो । तर चार हप्ता हुँदा समेत सिमकोटका लागि उडान हुन सकेको छैन् ।

यता सिमकोटका लागि निजी कम्पनीका हवाई जहाजहरुले भने दिनको एक उडान गर्ने गरेका छन् । तर नेपाल एयरलाइन्सले भने मौसमको बहाना बनाएर सिमकोटका लागि उडान रद्द गर्दै आएको छ । अर्कोतर्फ हवाई टिकट नपाउँदा हुम्लीबासीले समस्या खेप्दै आएका छन् । दैनिकजसो यात्रुहरु सिमकोटको नेपाल एयरलाइन्सको कार्यालय र नेपालगञ्जको कार्यालयमा टिकटको लागि पुग्ने गर्दछन् । तर दैनिक जहाज आउँछ, हुन्छ उडान भएपछि टिकट हुन्छ भनेर, सधैँ उडान रद्द हुने गरेको यात्रुहरुले गुनासो गरेका छन् ।



हप्ताको आइतबार, सोमवार र बिहीबार उडान सेड्युल छ । निजी कम्पनी सीता, तारा, समिट एयरलाइन्सले दिनको बढीमा दुई, घटिमा एक उडान गर्दै आएपनि यात्रुको चापले गर्दा टिकट पाउन मुस्किल छ ।

अहिले सिमकोट विमानस्थलमा यात्रुको चाप बढ्दो क्रम रहेको छ भने हुम्लामा साउने पूर्णिमा मनाउन आउने जिल्ला बाहिरबाट यात्रुको चाप नेपालगञ्ज र सुर्खेतमा रहेको छ । नेपाल एयरलाइन्सले कुनै बहान नगरी समय अनुसार नभएपनि १२ बजेतिर मौसम हेरी सिमकोटका लागि उडान गर्दा हवाई यात्रुलाई सहज हुने देखिन्छ ।

यस्तै नेपालगञ्जदेखि सिमकोट आउन निजी कम्पनीले चार्टर सेड्युल गर्दा टिकटमा बढी लिने हुँदा नेपाल एयरलाइन्सले उडान गर्दा आर्थिक भार कम हुने जिल्लाबासी बताउँछन् । नेपालगञ्जदेखि निजी हवाई जहाजहरुले सिमकोटका लागि चार्टर टिकट प्रति यात्रु करिब १४ हजार लिँदै आएका छन् तर नेपाल एयरलाइन्सले उडान गर्ने हो भने प्रति यात्रु ९ हजार दुई सय ३८ रुपैयाँ भाडा लाग्छ । यसले गर्दा आर्थिक भार कम हुने र दुर्गम जिल्लाका नागरिकले सेवा पाउने देखिन्छ । तर सिमकोटबाट नेपालगञ्ज निजी हवाई जहाज र नेपाल एयरलाइन्सको प्रति यात्रु एकै भाडा दर ९ हजार दुई ३८ रुपैयाँ रहेको छ ।

## कारागारमा...

अधिकारमा असर परेको छ । कैदीबन्दीको मानव अधिकार प्रत्याभूत गरिनुपर्ने संवैधानिक व्यवस्था र अन्तराष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिवद्धता छ । तर, यस अनुसार नेपालको काराकार हरूको व्यवस्थापन हुन नसकेको पाइएको हो ।

महानिर्देशक आचार्यका अनुसार देशभर २२ वटा कारागार मात्रै कैदीबन्दी राख्न लायक छन् । उनका अनुसार ९ वटा कारागार कठिन अवस्थामा छन् भने ३३ वटा जीर्ण छन् । १० वटा कारागारको छाना चुहिने गरेको छ ।

बाँकेमा बनिरहेको खुला कारागारको काम बजेट अभावले रोकिएको र अन्य वैकल्पिक व्यवस्थापनका लागि आर्थिक स्रोतको अभाव रहेको बताए । कैदीबन्दीको स्वास्थ्य उपचारका लागि उचित प्रवन्ध समेत गर्न नसकिएको जानकारी दिए ।

महानिर्देशक आचार्यका अनुसार कैदीबन्दीहरुका लागि प्रयाप्त आवासको प्रवन्ध छैन । एउटै खाटमा तीन जनासम्म सुत्नुपर्ने अवस्था रहेको छ ।

विराटनगर बाल सुधार गृहको अवस्था यस्तो छ कि - उनीहरु न सहज खाना खान पाउँछन् न सुत्न ।

प्रतिनिधि सभाकै कानुन न्याय तथा मानव अधिकार समितिले गरेको अध्ययन अनुसार विराटनगरको बाल सुधार गृहमा 'एउटै कोठमा खाटमुनि र माथि गरी तीन तहमा कोचाकोच गरी बन्दीहरु' सुत्छन् । अध्ययनले कारागार र बाल सुधार गृहमलाई 'यातना गृहको संज्ञा दिएको छ ।'

'...दुर्गन्धित शौचालय र सरसफाइको कमी जस्ता आधारभूत विषयहरुको सम्बोधन हुन नसकेबाटबाल सुधार गृहको रुपमा नभइ यातना गृह जस्तो भएको पाइयो' अध्ययन प्रतिवेदनमा भनिएको छ ।

बाँकेको जयेन्दुमा त खानाको लागि समेत ठाउँको अभाव छ ।

'क्षमता भन्दा बढी राखिएकाले भातको थाली राखेर खान समेत समस्या रहेको' अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

भक्तपुरस्थित बाल सुधार गृहबाट पनि बालकहरू तोडफोड गरेर निस्कनु अगाडि उनीहरुले सुधार गृहमा खानाको व्यवस्था र स्वास्थ्य परीक्षणको व्यवस्था राम्रो नभएको भन्दै विरोध जनाएका थिए ।

साथै, अपराधमा संलग्न भएका कैदीबन्दी र बालबालिकालाई हौसला र प्रेरणा दिन उमेर समूहअनुसार उनीहरूलाई व्यवस्था मिलाउनुपर्नेमा त्यो हुन नसकेको सरोकारवालाहरू बताउँछन् ।

गृहमन्त्री रमेश लेखक सरकार कैदीबन्दीको आधार भुत आवश्यकता पूर्तिका लागि सरकार गम्भीर बन्ने बताउँछन् । 'कैदीबन्दीको आधारभूत आवश्यकता पूर्ति र उनीहरुको मानवअधिकारका लागि सरकार गम्भीर बन्छ र बन्नुपर्छ । म यो प्रतिवद्धता व्यक्त गर्न चाहन्छु' गृहमन्त्री लेखकले बुधबार राज्य व्यवस्था समितिको बैठकमा भने ।

सांसदहरुले पनि सरकारलाई कैदीबन्दीको मानवअधिकारमा गम्भीर बन्न सुझाएका छन् ।

## राजनीतिक...

छानबिन गरिएको गृहमन्त्रालयका अधिकारीहरु बताउँछन् ।

तर, सरकार बदलिएपछि प्रतिशोध साँध्ने प्रवृति अन्तर्गत सीआईबीलाई विवादमा तान्ने प्रयास भएको हुन सक्ने सरोकारवालाहरू बताउँछन् । यस्तो कार्यको सत्तारुढ दलहरुभित्रैबाट विरोध भएको छ ।

नेपाली कांग्रेसका सांसद हृदयराम थानी थानीले सरकार फेरिने बित्तिकै ज्ञवालीमाथि छानबिन थाल्दा भोलि आईजीपी बसन्त कुँवरमाथि पनि छानबिनको विषय उठ्न सक्ने बताउँछन् ।

बुधबार प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा बोल्दै उनले आईजीपी कुँवरलाई हिजो आफू मातहत रहेको र सँगै काम गरेको प्रहरी अधिकारीलाई किन छानबिन गर्नुपऱ्यो भन्दै प्रश्न गरे ।

'सीआईबी प्रमुखमाथि छानबिन गर्न टेकबहादुर राईको नेतृत्वमा ५ सदस्यीय छानबिन समिति बन्यो रे । आईजीपी साप भोलि तपाईंमाथि पनि छानबिन होला,' थानीले भने, ' तपाईं हिजो त्यही एआईजीको हाकिम होइन ?'

'सरकार बदलिएलगत्तै सिआइबी प्रमुखमाथि छानबिन गर्दै जाने हो र यसलाई विवादमा पार्दै लैजाने हो भने मुलुक कता जान्छ ?' भन्ने पनि उनको प्रश्न छ ।

नेकपा एमालेका सांसद रघुजी पन्तले समेत सरकार फेरिएपछि सीआईबी प्रमुखमाथि छानबिन गर्ने प्रबृत्ति विकास हुन दिन नहुने बताए । यदि यसो गरिएको प्रहरीका विश्वसनीयता घट्ने उनको चिन्ता छ ।

'हिजो एउटा टिम थियो । सरकार फेरियो र अर्को टिम आएर छानबिन गऱ्यो । त्यो टिममाथि छानबिन आज भइरहेको छ । भोलि आउनेले आजको टिममाथि छानबिन गर्छ भने प्रहरीको विश्वसनीयता कहाँ रहन्छ ?' पन्तले भने ।

गृहमन्त्रीहरुको कार्यशैलीका कारण यस्तो भएको भन्दै उनले गृहमन्त्रीको कार्यशैलीले प्रहरीलाई विवादमा पार्न नहुने बताए ।

## इजरायलको....

विषयमा नेपाललाई उच्च प्राथमिकतामा राख्ने केही समयअघि इजरायली राजदूतले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई जानकारी दिएका थिए ।

इजरायल जान चाहनेहरु हाल राजधानीका विभिन्न इन्स्टिच्युटमा अंग्रेजी र हिब्रु भाषाको कक्षा लिइरहेका छन् । कतिपय इन्स्टिच्युट सञ्चालकले वैदेशिक रोजगार विभागका अधिकृतहरुको नाम जोडेर इजरायलको रोजगारी पक्का भन्दै मोटो रकम उठाएको सार्वजनिक भएपछि विभागले छनोट प्रक्रियामा योग्यतामा आधारित पूर्णतः निष्पक्ष हुने भन्दै पास गराउने वा इजरायल पठाउने भन्दै रकम माग गर्नेहरुका विरुद्ध विभाग वा श्रम मन्त्रालयको कल सेन्टरमा उजुरी दिन पनि आग्रह गरेको छ ।

## पोर्चुगलस्थित...

र अपमानजनक व्यबहारले आफूलाई दुखित तुल्याएको बताए ।

'राजदूत नियुक्त भएपछि मेरो कार्यभार स्वतः सकिन्छ । कार्यालयको कामकारबाही र सेवा स्वभाविकरुपमा बन्द हुन्छ । त्यसमाथी मेरो कार्यअवधि पनि जुलाईमै सकिदै छ । कार्यालयको काम कार्वाही र सेवा बन्द गर्ने पनि त प्रकृया होला नि । तर यसरी हतारमा तत्काल बन्द गर्नु भन्ने आदेशले यहाँका हजारौं नेपालीले दुःख पाउने भएका छन् । उनीहरुका कागजी कामहरु प्रभावित हुने भएका छन्,' हमालले चिन्ता व्यक्त गर्दै भने ।

महावाणिज्यदूतावासको सेवा बन्द भएसँगै पोर्चुगलमा रहेका नेपाली प्रत्यक्ष प्रभावित हुने भएका छन् । सोमबार मात्रै सरकारले परराष्ट्रका सहसचिव प्रकाशमणि पौडेललाई पोर्चुगलका लागि राजदूत सिफारिस गरेको छ । यसअघि पोर्चुगलका लागि राजदूत सिफारिस भएका सनिल नेपाल भने पोर्चुगल आउन नपाइ फिर्ता बोलाइएका थिए । हालसम्म नेपाली दूतावास नभएको पोर्चुगलमा महावाणिज्यदूतावासले विगत १० वर्षदेखि राहदानीलगायतका कन्सुलरसम्बन्धी सेवा दिँदै आएको थियो ।

सरकारले सन् २०१४ मा हमाललाई अवैतनिक वाणिज्यदूत नियुक्त गरेको थियो भने सन् २०२० मा उनलाई महावाणिज्यदूतमा पदोन्नतिसमेत गरेको थियो ।

यता फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले भने महावाणिज्यदूतावासले भने जस्तो कामकारबाही र सेवा बन्द गर्न निर्देशन नदिइएको बताए । उनको कार्यअवधि सकिएका कारण कार्यवधि थप गर्न र निरन्तरताका लागि दूतावाससँग समन्वय र सहजीकरण गर्न भनिएको राजदूत भट्टराईले बताए ।

'कार्यवधि सकिएका कारण कतिपय काममा कानूनी समस्या आइनपरोस् भन्नका लागि र उहाँले गर्नुभएको योगदान र सेवाको सम्मानका लागि समन्वय र सहजीकरण गर्न भनिएको हो,' राजदूत भटराईले भने ।

## देशभर...


आकलन भएकाले मनसुनसँगै लामखुट्टेको प्रजननका लागि अनुकूल अवस्था बन्न सक्ने र डेंगुको संक्रमण थप बढ्न सक्ने अनुमान छ ।

वर्षा नसकिँदै देशभर डेंगु फेलिएको हो । बाढी, पहिरो र अन्य प्राकृतिक विपत्तिले घरबारबीहिन भएका र सुरक्षित आवासमा रहन नसकेकाहरु डेंगुबाट प्रभावित हुन सक्ने खतरा बढेको छ ।

मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेंगुको संक्रमण फैलिएको जनाइएको छ । सबभन्दा बढी काठमाडौंमा दुई सय ४९ जनामा डेंगु देखिएको छ । झापामा एक सय ३० र चितवनमा एक सय पाँच जनामा संक्रमण देखिएको छ ।

काठमाडौं उपत्यकामा मात्रै तीन सय १६ जनामा डेंगुको संक्रमण देखिएको छ । काठमाडौंमा दुई सय ४९, भक्तपुरमा ३८ र ललितपुरमा २९ जनामा देखिएको संक्रमण देखिएको हो ।

# ट्याक्टर दुर्घटनामा चालक र सहचालक घाइते



**हुम्ला/मस–** हुम्लाको सिमकोट गाउँपालिका वडा नं.२ तर्फ जाँदै गरेको ट्याक्टर दुर्घटना हुँदा चालक र सहचालक घाइते भएका छन् ।

सिमकोटबाट वडा नं.२ ठेहेतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२००१ त ० ३५२ नम्बरको ट्याक्टर गाउँ नजिकै दुर्घटना हुँदा दुई जना घाइते भएका हुन् । ट्याक्टर दुर्घटना हुँदा चालक र सहचालक घाइते भएको ठेहे स्वास्थ्य चौकीका इन्चार्ज दानबहादुर बोहराले बताए ।

कच्ची सडकबाट ट्याक्टर पचास मिटर तल खसेको थियो । ट्याक्टर दुर्घटनाबाट सिमकोट गाउँपालिका वडा वडा नं.६ का चालक २७ वर्षका धनबहादुर सुनार र सहचालक सिमकोट गाउँपालिका वडा नं.२ का २३ वर्षका प्रिती सुनार घाइते भएकी छन् । घाइते दुवै जनालाई ठेहे स्वास्थ्य चौकीमा प्राथमिक उपचारपछि थप उपचारका लागि जिल्ला अस्पतालमा लगिएको छ । ट्याक्टरमा सिमकोटबाट खाद्यान्न लोड गरिएको थियो ।

**थुलुङ(राई) सामाको विशेष राष्ट्रिय सम्मेलन सम्बन्धी सूचना !!!**

यस थुलुङ(राई) सामाको विशेष राष्ट्रिय सम्मेलन देहायको मिति, स्थान र समयमा हुन गइरहेको सहर्ष जानकारी गराउँदै संस्थाका विशिष्ट सदस्य, संरक्षक सदस्य, आजीवन सदस्य लगायत सल्लाहकारहरुको गरिमामय उपस्थिति, सहभागिताका साथ अहम् भूमिकाका निम्ति पाल्नु हुन निमन्त्रणा सहित सूचित गरिन्छ । यस्तै सबै स्थानीय कार्यसमिति, जिल्ला कार्यसमिति एवं परदेश कार्यसमितिहरुलाई विधान सम्मत प्रतिनिधि पठाउनसमेत यसै सूचना मार्फत अवगत गराइन्छ । यस बारे सरोकारवाला सबैलाई पत्राचार गरिएको छ । यदि कुनै सूचना प्राप्त नभए यसैलाई आधिकारिक सूचना मानी उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**मिति :-** २०८१/०५/०१ र ०२ गते
**स्थान :-** नवदुर्गा पार्टी भेन्यु, सुकेधारा, काठमाडौ ।
**समय :-** बिहान १० बजेदेखि ।

**थुलुङ(राई) सामा**
केन्द्रीय कार्यसमिति,
काठमाडौ, संघीय नेपाल ।

# गण्डकी प्रदेश सरकारलाई दीर्घकालीन असर पर्ने निर्णय नलिन एमालेको आग्रह

**कास्की/मस–**नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेश कमिटीले गण्डकी प्रदेश सरकारलाई दीर्घकालीन असर पर्ने निर्णय नलिन आग्रह गरेको छ ।

एमाले गण्डकीका सचिव धनञ्जय दवाडीले बुधबार विज्ञप्ति निकालेर प्रदेश सरकारमा एमालेको संलग्नता नभइ दीर्घकालीन असर पुग्ने निर्णय गरिएकोमा ध्यानाकर्षण भएको जनाए । एमालेले दुई दलका बीचमा छलफल, समन्वय र सहकार्यका आधारमा मात्रै आगामी दिनमा सरकार सञ्चालन हुने हुँदा सहमति विपरीत दीर्घकालीन असर पर्ने निर्णय नलिन आग्रह गरेको हो ।

केन्द्रीय राजनीतिमा भएको छलफल र सहमतिलाई कार्यान्वयन गर्न प्रदेशस्तरमा दलहरुबीच समन्वय भई प्रदेशका सरकार गठन, पुनःगठन भइरहेका बेला एकपक्षीय रूपमा गतिविधि भएको विज्ञप्तिमा जनाइएको छ । नेपाली कांग्रेसका नेता सुरेन्द्रराज पाण्डेको नेतृत्वमा गठन भएको प्रदेश सरकारमा कांग्रेससहित नेपाल समाजवादी पार्टीका फडिन्द्र देवकोटा र स्वतन्त्र सांसद राजीव गुरुङ मन्त्री छन् । केन्द्रमा सत्तासमीकरण परिर्वतन भएर नेपाली कांग्रेस र एमालेको संयुक्त सरकार बने पनि गण्डकी प्रदेश सरकार एमाले सहभागी भएको छैन ।

# हुरेन्डेक नेपाल कालीकोटले मनायो २८औं वार्षिकोत्सव

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १६ साउन



मानव अधिकार तथा वातावरण विकास केन्द्र हुरेन्डेक नेपाल कालीकोटले २८औं वार्षिकोत्सव मनाएको छ । हुरेन्डेक नेपाल कालीकोटका अध्यक्ष जजराज शाहीको सभाध्यक्षता, प्रमुख जिल्ला अधिकारी गणेश नेपालीको प्रमुख आतिथ्यता तथा हुरेन्डेक नेपाल कालीकोटका उपाध्यक्ष विरेन्द्र बुढा, पचालझरना गाउँपालिकाका पूर्वअध्यक्ष खड्कराज सेजुवाल, प्रहरी प्रमुख अर्जुन केसी, विभिन्न राजनितिक दलका प्रतिनिधि, विभिन्न शाखाका प्रमुखहरुको उपस्थितिमा वार्षिकोत्सव मनाइएको हो ।

कार्यक्रममा हुरेन्डेक नेपाल कालीकोटका अध्यक्ष शाहीले हुरेन्डेक नेपाल २०५३ सालमा स्थापना भइ कर्णाली प्रदेशको कालीकोट जिल्लामा दर्ता भएको एक गैरसरकारी संस्था रहेको बताए । हुरेन्डेकले आफ्नो स्थापनाकालदेखि नै स्थानीय स्तरमा सामाजिक विकास सहयोग र सहकार्य गर्दै आएको उनले बताए । कर्णाली प्रदेशमा काम गर्ने गैरसरकारी संस्थाहरुमध्ये आफूलाई पृथक परिचय गराउन सफल यस संस्थाले स्थापनादेखि नै विशेषगरी विपन्न, सीमान्तकृत, दलित समुदाय, द्वन्द्व प्रभावित तथा जोखिममा परेका समूह, महिला तथा बालबालिकाहरुको समृद्धिका लागि प्रकृतिमैत्री पूर्वाधारको निर्माण, शिक्षा, पानी, स्वास्थ्य र सरसफाइ, उद्यम, पर्यटन र सांस्कृतिक विकासका गतिविधि गरी समूहहरुलाई समान लाभहरु प्रदान गर्दै आएको उनले बताए ।

हुरेन्डेक नेपाल कालीकोटले विशेषगरी बालविवाह, जबर जस्ती विवाहजस्ता घटनाहरुलाई न्यूनीकरण गर्नका लागि निरन्तर लागिरहेको परियोजना संयोजक डम्बर बोहोराले बताए । उनले पहिलेको भन्दा पछिल्लो समय बालविवाहको दर घट्दो क्रममा रहेको र यसलाई अझै न्यूनीकरण गर्नका लागि हुरेन्डेक नेपाल निरन्तर लागिरहने बताए । साथै उनले विभिन्न साझेदार संस्था तथा स्थानीय सरकारको सहयोग र समन्वयमा रास्कोट नगरपालिका वडा नम्बर ४ र ९ लाई समेत बालविवाह मुक्त वडा घोषण गर्न सफल भएको बताए ।

कार्यक्रममा पचालझरना गाउँपालिकाका पूर्वअध्यक्ष सेजुवालले प्रायः बालविवाह हुनुको मुख्य कारण जनचेतनाको कमी र आर्थिक अवस्था कमजोर हुनु रहेको बताए । उनले संघसंस्था तथा दातृ निकाय एकजुट भएर लागे बालविवाह अन्त्य गर्न सकिने धारणा राखे । कार्यक्रममा बालविवाह गर्नु हुँदैन,बाल विवाह नगरौं र अरुलाई पनि गर्न नदिऔं भन्ने नारा लगाएर देउडा प्रदर्शन गरिएको थियो ।

# लागुऔषधसहित युवक पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ साउन



रौतहट गौरमा लागुऔषधसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा ललितपुर महानगरपालिका ३ इमाडोलका २१ वर्षीय समिर भुसाल रहेका जिल्ला प्रहरी प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक एलिजा गिरीले बताइन् ।

अस्थायी प्रहरी पोष्ट बसपार्कका प्रसनी रामपुकार सहनीको कमाण्डमा खटिएको टोलीले मंगलबार चिया पसल अगाडि शंकास्पद अवस्थामा हिँड्डुल गरिरहेका भुसाललाई चेकजाँच गर्दा लागुऔषधसहित पक्राउ गरिएको हो । उनको साथबाट डाइजीपाम इन्जेक्शन २ एमएलको ९६, नर्फिन इन्जेक्शन ९६, प्रोमेथाजिन फेनारगन ९६ गरी २८८ एमपुल नसालु इन्जेक्शन, नगद १७ हजार ७० रुपैयाँ, भारु १० रुपैयाँ, मोबाइल १ सिमसहित बरामद गरिएको प्रवक्ता गिरीले बताइन् । उनलाई रौतहट जिल्ला अदालतबाट म्याद थपको अनुमति लिइ थप अनुसन्धान अगाडि बढाइएको प्रवक्ता गिरीले बताइन् ।

# दाङमा खोलाले बगाउँदा एक जनाको मृत्यु

**सपना बोहरा/मध्यान्ह**
दाङ, १६ साउन

दाङमा खोलाले बगाउँदा एक जनाको मृत्यु भएको छ । शान्तिनगर गाउँपालिका-४ को चिराघाट खोलाले बगाउँदा तुलसीपुर उपहानगरपालिका-२ झारगाउँका ६७ वर्षीय तेजबहादुर भण्डारीको मृत्यु भएको हो ।

एकै घरका दाजुभाइलाई झारगाउँबाट शान्तिनगर-४ गिदनियामा आफन्तको घरमा भेटघाट गरी फर्किँदै गर्दा बुधबार दिउँसो चिराघाट खोला तर्ने क्रममा खोलाले बगाएको हो ।

६४ वर्षीय भाइ चेतबहादुर भण्डारी भने पौडिएर ज्यान जोगाउन सफल भएको र दाइ ६७ वर्षीय तेजबहादुर भण्डारीको मृत्यु भएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी प्रवक्ता प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी दिए ।

तेजबहादुरको शव बगेको ठाउँभन्दा एक किलोमिटर दक्षिणमा फेला परेको प्रहरीले जनाएको छ ।

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: YASSER IBRAHIM MOHAMMED BIN OTHAIM LAND TRANSPORT CORPORATION शहर: Riyadh
पुर्व स्वीकृत मिति: २०८१/०१/१६ चलानी नं.: ६०२१८७७० L.T. No.: 303963 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: AL-ANOUD TALIHAN AL-HARBI CONTRACTING COMPANY शहर: Saudi Arabia, Buraydah
पुर्व स्वीकृत मिति: २०८१/०४/१६ चलानी नं.: ६०२२२९६५ L.T. No.: 308294

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | स. काममा दक्ष | 1400 | ४९,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MIDS TOUCH FURNITURE COMPANY IS A ONE PERSON COMPANY शहर: Jizan
पुर्व स्वीकृत मिति: २०८१/०४/१६ चलानी नं.: ६०२२२९६६ L.T. No.: 308239

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furniture Assembly Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २७ गते (11 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

प्राध्यापक हत्या प्रकरण

# विद्यार्थीलाई 'मन पराउँछु' भनेपछि हत्या, १७ वर्षपछि पक्राउ परे आरोपी

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १६ साउन



नेपाल कमर्स क्याम्पसका प्राध्यापक धर्मराज विष्टको हत्यामा संलग्न आरोपी रञ्जन खड्का पक्राउ परेका छन्। २०६४ साल असार २६ मा ललितपुर महानगरपालिका-२२ स्थित शंखमुलमा प्राध्यापकको हत्यामा संलग्न खड्का १७ वर्षपछि पक्राउ परेका हुन्।

काठमाडौं-३२ स्थित कोटेश्वर घर भएका खड्का करिब १७ वर्ष भारतमा लुकेर बसेको प्रहरीले जनाएको छ। खड्का भारतको बैंगलोर र जल्पाइगुडी क्षेत्रमा लुकेर बस्ने गरेको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ। अपराध अनुसन्धान कार्यालयबाट खटिएको इन्स्पेक्टर नेतृत्वको टिमले उनलाई जल्पाइगुडीबाट पक्राउ गरेर काठमाडौं ल्याएको हो। प्रहरीले खड्कालाई बुधबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ।

**'मन पराउँछु' भनेपछि हत्या**

प्राध्यापक विष्टले क्याम्पसमै अध्ययनरत विद्यार्थी सोभिता थापा नाम गरेकी एक युवतीलाई जिस्काएको आरोपमा हत्या भएको खुलेको छ।

थापाले आफू विवाहित भएको जानकारी गराउँदा पनि प्राध्यापक विष्टले एकोहोरो जिस्काउने गरेको र सो कुरा शोभिताले भाइलाई बताएकी थिइन्।

फुपुको छोरा धादिङ गंगाजमुना गाउँपालिका-७ घर भएका विनोद थापाको आग्रहमा उनी प्राध्यापकको हत्यामा संलग्न भएका थिए। रञ्जन विनोदको मामाका छोरा हुन्।

विनोदकी दिदी सबिता थापा अधिकारी भन्ने शोभिता थापा त्यतिबेला कमर्श क्याम्पसमा स्नातक तहमा अध्ययनरत थिइन्। दिदीलाई प्राध्यापकले जिक्याएको र दुःख दिएको थाहा पाएपछि विनोदले आफ्नो टिम भेला गरे। शोभिताले प्राध्यापकलाई भेट्न बोलाइन्।

शोभितालाई भेट्न शंखमुल गएका प्राध्यापकलाई रञ्जन, विनोद र भक्तपुरका राजिब पाण्डेले रड र इँट्टा प्रहार गरेका थिए। शरीरभरी चोट लागेको अवस्थामा प्राध्यापक विष्टको शव ललितपुर महानगरपालिका-२२ शंखमुलमा भेटिएको थियो।

हत्यापछि फरार रहेका बिनोद थापा ३ पुस २०७१ मा लागुऔषध मुद्दामा पक्राउ परेका थिए। उनी पक्राउ परेपछि प्राध्यापक विष्टको हत्यामा समेत संलग्न रहेको खुलेको थियो। हत्यामा संलग्न रहेको खुलेपछि कर्तव्य ज्यानको कसुरमा जेल परेका थिए। उनी ३ असोज २०७९ मा रिहा भइसकेका छन्।

हत्या आरोप लागेका अर्का प्रतिवादी राजीव पाण्डे २१ वैशाख २०६९ मा पक्राउ परेका थिए। भक्तपुर लोकन्थली घर भएका पाण्डे १५ जेठ २०७६ मा डिल्लीबजार कारागारबाट रिहा भएको पाइएको छ।

प्राध्यापक विष्टको हत्या आरोपमा धादिङको गंगा जमुना नगरपालिका-७ घर भइ हाल ललितपुर महानगरपालिका-२६ ढोलाहिटी बस्ने ४१ वर्षीया सोभिता थापा १६ वर्षपछि पक्राउ परेकी थिइन्। शोभिता २०८० चैतमा पक्राउ परेर धरौटीमा छुटेकी छन्।

# यशोधराको न्यायिक समितिमा २०.७५ प्रतिशत मात्रै मुद्दा छिनोफानो

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १६ साउन



कपिलवस्तुको यशोधरा गाउँपालिकाको न्यायिक समितिले २०.७५ प्रतिशत मुद्दा मात्रै छिनोफानो गरेको छ। न्यायिक समितिमा दर्ता भएको ५३ ओटा मुद्दामध्ये ११ ओटा मात्रै छिनोफानो गरेको न्यायिक समितिले जनाएको छ।

न्यायिक समितिमा दर्ता भएको ४२ ओटा मुद्दा प्रकियामा रहेको न्यायिक समितिकी संयोजक गुन्जा देवी मौर्याले जानकारी दिइन्।

संयोजक मौर्याका अनुसार न्यायिक समितिमा अधिकांश घरेलु हिंसा, जग्गा सम्बन्धी, जग्गा विवाद वा भोग चलन गरेको, घरायशी झै-झगडा,लेन-देन सम्बन्धी लगायतका मुद्दाहरु दर्ता भएका छन्। न्यायिक समितिले आर्थिक वर्ष २०८०/०८१ मा २०.७५ प्रतिशत मुद्दा मात्रै फछ्र्यौट र ७९.२४ प्रक्रियामा रहेको जनाएको छ।

न्यायिक समिति संयोजक मौर्याले न्यायिक समितिले न्यायोचित मुद्दा छिनोफानो गर्दै आएकोले जनतालाई सहज भएको बताइन्। स्थानीय सरकारलाई मेलमिलापको माध्यमबाट विभिन्न विवाद मिलापत्र गर्ने अधिकार प्राप्त भएपछि न्यायिक समितिप्रति जनताको विश्वास बढेको उनको भनाइ छ।


## Lisankhu Pakhar Rural Municipality
## Office of Rural Municipal Executive
**Attarpur, Sindhupalchowk**
**Bagamati Province, Nepal**

### Invitation for Electronic Bid

**First Date of Publication: 2081/04/17 (1st August 2024)**

1. *Lisankhu Pakhar Rural Municipality* invites invites electronic bids from eligible bidders for the procurement of following item under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information at Office of Lisankhu Pakhar Rural Municipality, Attarpur, Sindhupalchowk, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall be held at **Lisankhu Pakhar Rural Municipality-4, Attarpur, Sindhupalchowk**, at **13:00 HRs on 2081/05/05 (21st Aug 2024).**
4. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, which shall be valid for 30 days beyond the validity period of the bid **(i.e., 2081/08/16 (30th Nov 2024)).**

| S.No. | Contract Identification No. | Particulars | Quantity | Minimum Bid Security Amount (NRs) | Last date & Time of Submission | Opening |
|---|---|---|---|---|---|---|
| 1* | LPRM/ Goods/PW/ NCB/081/82-03 | Supply and Delivery of 4WD Pick UP | 1 Unit | 3,00,000/- | 2081/05/16 (1st Sept 2024) 12:00 HRs | 2081/05/16 (1st Sept 2024) 13:00 HRs |
| 2 | LPRM/ Goods/MB/ NCB/081/82-04 | Supply and Delivery 190 CC Motorcycle | 5 Units | 96,000/- | 2081/05/16 (1st Sept 2024) 12:00 HRs | 2081/05/16 (1st Sept 2024) 14:00 HRs |

**Chief Administrative Officer**



## साउदीमा रोजगार | कम्पनी: IMILE SAUDI LOGISTICS SERVICES COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८१/०४/१६ चलानी नं.:६०२२२९३० L.T. No.: 308236

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver (GCC Return) | 10 | 0 | स. काममा दक्ष | 1800 | ६४,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २४ गते (8 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ७९०/०६५/०६६
**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोनः ५९०६९२३, ५९०४९५१
Email : cv.protechnepal@gmail.com
Contact No:9840006120, 9851052907



## यूएईमा रोजगारको अवसर | कम्पनी : RUKN DASMAN TECH CONT LLC शहर : UAE

पूर्व स्वीकृत मितिः २०८०/०५/१८ चलानी नं.: ६०२०७१५६ LT. No.: 291986 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 65 | 0 | स. काममा दक्ष | 1000 | ३६,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ साउन २४ गते (8 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

इजाजत नं. ९२७/०६७/०६८
**सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.**
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं, नेपाल, फोनः 01-5100754
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com



## कतारमा रोजगार | १. कम्पनी :CASTING TRADING CONTRACTING AND SERVICES W.L.L शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८०/१०/०८ चलानी नं.: ६०२१३५५७ LT. No.: 298568 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AC Mechanic | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | ACCOUNT (GEN) | 1 | 0 | | 3700 | १३५६४२ | | | | | | | |
| 3. | Cashier | 1 | 0 | | 1400 | ५१३२४ | | | | | | | |
| 4. | Foreman | 1 | 0 | | 2500 | ९१६५० | | | | | | | |
| 5. | General Supervisor | 1 | 0 | | 3000 | १०९९८० | | | | | | | |
| 6. | MASON | 2 | 0 | | 1200 | ४३९९२ | | | | | | | |
| 7. | Representative | 1 | 0 | | 2200 | ८०६५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २४ गते (8 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145



## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : BADR ALI ABDULLAH AL KHATHAMI TRADING ESTABLISHMENT शहर : DAMMAM
पूर्व स्वीकृत मितिः२०८१/०४/१६ चलानी नं: ६०२२२९४० L.T. No.: 308205

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Server,Food And Beverage Dept. | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAB HARFA TRADING ESTABLISHMENT शहर : RIYADH
पूर्व स्वीकृत मितिः२०८१/०४/१६ चलानी नं: ६०२२२९४१ L.T. No.: 308206

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Server,food And Beverage Dept | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २४ देखि २७ गते सम्म (8 to 11 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**AL FALAH GROUP HUMAN RESOURSE PVT. LTD.**
License No: 1634/080/081
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5918948
Email: alfalahgroupnpl@gmail.com, Website: alfalahghr.com



## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : COOL NASMAT ESTABLISHMENT FOR SELLING ICE CREAM शहर:Hail
पूर्व स्वीकृत मिति : २०८१/०४/१५ चलानी नं: ६०२२२९३२ L.T. No.: 308150

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sweet Maker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २७ गते (11 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

